# प्रदेश आर्थिक बुलेटिन

वर्ष १. अंक ४ कार्तिक २०८२



## सम्पादकीय

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व.२०८२/८३ को कार्तिक महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को कार्तिक महिनासम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलन लक्ष्यमा १.१५ प्रतिशतले कमी आएको छ भने खर्च समेत घटेको छ। नेपाल सरकारबाट प्रदेशलाई प्राप्त हुने राजस्वमा केही बृद्धि भएतापनि प्रदेशको समग्र आयमा गत वर्ष कार्तिकसम्मको तुलनामा ५.५२ प्रतिशतले कमी आऐको छ।

**<u>प्रकाशन तथा सम्पादन</u>**

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**

## प्रदेश सरकारको आम्दानी:

१. दुई आर्थिक वर्षलाई तुलना गरी हेर्दा आ.व. २०८२/८३ को कार्तिक महिनासम्ममा संघबाट प्राप्त अनुदानमा रु २ अर्व ४७ करोड ४ लाख १६ हजार , गत वर्षको नगत मौज्दातमा रु ४७ करोड ६७ लाख ९२ हजारले कम आम्दानी भएको छ भने संघबाट प्राप्त हुने राजश्वमा रु ८९ करोड ४८ लाख ३४ हजार, आन्तरिक आम्दानी तर्फ रु १ करोड ७१ लाख ४९ हजारले वृद्धि भएतापनि जम्मा आम्दानी रु २ अर्व ३ करोड ५२ लाख २५ हजारले कम रहेको छ।

**तालिका १: दुई आ.व.को मंसिर महिना सम्मको राजश्व प्राप्तिको अवस्था (रु करोडमा)**

| विवरण | आ. ब. २०८१/८२ | | आ.ब. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष | आम्दानी | वार्षिक लक्ष | आम्दानी |
| आन्तरीकआम्दानी | ५१७.०० | ७६.२४ | ५७३.४४ | ७७.९६ |
| संधबाटप्राप्त अनुदान | १३०८.३६ | ५०७.६२ | १२२३.३६ | २६०.५८ |
| संधबाटप्राप्त रोयल्टी | ४८.१० | ०.०० | २२.४० | ०.०० |
| संधबाटप्राप्त राजश्व | ९६१.१२ | १८८.४० | ९७९.२९ | २७७.८८ |
| आन्तरीकऋण | १७०.०० | ०.०० | १७५.०० | ०.०० |
| गतवर्षको नगत मौज्दात | २९३.२८ | ०.०० | २२४.५१ | ७१.२९ |
| जम्मा | ३२९७.८६ | ७७२.२७ | ३१९८.०० | ६८७.७२ |

**प्रदेश सरकारको खर्चः**

१. विगतका आर्थिक वर्षहरुमा जस्तै चालु आर्थिक वर्षको यस अवधिमा अपेक्षित खर्च हुन भने सकेको छैन। प्रदेशको स्रोत प्राप्तिमा आएको संकुचनले खर्च गर्ने क्षमतामा पनि स्वतह रुपमा कमी आएको छ। अघिल्लो आर्थिक वर्षमा कार्तिक महिनासम्मको खर्च यस आर्थिक वर्षमा भन्दा केहि रकमले बढी हुन गएको छ। भदौ २३/२४ को जेनजी आन्दोलनबाट बिभिन्न कार्यालय/निकाय तथा मन्त्रालयका भौतिक संरचना, कर्मचारी कार्यकक्ष, मेसिनरी औजार आदिमा भएको क्षतिले यस अवधिमा कार्य सम्पादनले गति लिन सकेको अवस्था भने छैन।

२. आर्थिक वर्ष २०८२/८३ को कार्तिक महिनासम्म जम्मा चालू तर्फ रु १ अर्ब १५ करोड ३९ लाख ३२ हजार २ सय ८०, पूँजीगत तर्फ रु १ अर्ब ५९ करोड ९४ लाख ९० हजार १ सय र स्थानित तह तर्फ जम्मा रु ३१ करोड ८८ लाख ९ हजार २ यस ५ गरी जम्मा रु ३ अर्व ७ करोड २२ लाख ३१ हजार ६ सय ३० मात्र वित्तीय प्रगति भएको छ। सो प्रगति गत आर्थिक वर्षको सोही अवधिको प्रगति संग तुलना गर्दा रु ५८ करोड ९७ लाख ६४ हजार २ सय ९८ ले कमी हुन आउछ।

३. गत आर्थिक वर्षको मंसिरसम्ममा जम्मा विनियोजनको ११.१० प्रतिशत खर्च भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा ९.६० प्रतिशत मात्र खर्च भएको छ।

तालिकाः२ तिन आर्थिक वर्षको खर्चको विवरण (रु हजारमा..)

| महिनाको | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०८०/८१ | | | | २०८१/८२ | | | | २०८२/८३ | | | |
| | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह |
| श्रावण | २४४८.५० | २६०१३.८४ | ०.०० | ०.०० | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० |
| भाद्र | २६२८४८.५६ | ७६२८३७.२७ | ०.०० | १५९७७२.५० | ३०४९१०.६८ | ५७८६८९.८७ | ०.०० | २७१३३६.२५ | ३१९८१०.३० | ५१४६६५.४६ | ०.०० | ३७२२०.२५ |
| असोज | ६९३५३०.८२ | ९३९०२२.०२ | ०.०० | २९१६४४.१३ | ६४४३६६.०७ | ९७४९३६.७५ | ०.०० | ३१३१९५.०० | ५८६८८६.७१ | ९७०७७३.६४ | ०.०० | १६९१९१.५० |
| कार्तिक | २३९८९३.२९ | १३५४५७.०२ | ०.०० | १४६०५६.०० | २५००३१.२८ | १४२७०९.१२ | ०.०० | ११८४०१.०० | २३३०२२.७७ | ७०६९५.६६ | ०.०० | ११२३९७.५० |
| ० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| जम्मा खर्च | १४९८४०८.१३ | २१३२७२५.२७ | ०.०० | ८०४३६३.६३ | १२१२९३६.११ | १७४६१२७.५६ | ०.०० | ७०२९३२.२५ | ११५३९३२.२८ | १५९९४९०.१० | ०.०० | ३१८८०९.२५ |
| विनियोजन | १०६३१२३८.०० | २०१९०४६२.०० | ५००००.०० | २१०५५००.०० | १११५००६०.०० | १९५१७९९३.०० | ३००००.०० | २०१०५२२.०० | १०६३५६१६.०० | १९०९३३२४.०० | २५०००.०० | २००१०५९.०० |
| खर्च प्रतिशत | १४.०९ | १०.५६ | ०.०० | ३८.२० | १०.८८ | ८.९५ | ०.०० | ३४.९६ | १०.८५ | ८.३८ | ०.०० | १५.९३ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

४. तिन आर्थिक वर्षको विनियोजनको आधारमा खर्च प्रतिशतलाई तुलना गर्दा वित्तीय व्यवस्था तर्फ कुनै पनि रकम खर्च नहुँदा चालु र पूँजीगत तर्फ आर्थिक वर्ष २०८०/८१ मा र स्थानीय तह तर्फ आर्थिक वर्ष २०८१/८२ मा बढी खर्च भएको देखिन्छ।

